# बुलिङटार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**बुलिङटार, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र र बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०८/१२**

यस कार्यालयबाट चालु आ.व. ०७५/७६ को स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्य गर्नु पर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र/ बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबै को लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. सम्बन्धित कागजातहरु संलग्न भएको सिलबन्दी दरभाउपत्र फाराम बुलिङटार गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म र बोलपत्र फाराम बुलिङटार गाउपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र बुलिङटार गाउपालिकाको कार्यालय, नवलपरासीमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. सिलबन्दी दरभाउपत्र/बोलपत्र खरीद गर्दा आ.व.०७५/७६ सम्म नवीकरण भएको ईजाजत पत्र र मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. ०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी वा आय विवरण पेश गरेको निस्साको प्रमाण पेश गर्नु पर्नेछ ।

३. यसरी खरीद गरिएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन र बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र/बोलपत्र सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्र/बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा बुलिङटार गाउपालिकाको कार्यालयमा खोलिने छ। दरभाउपत्र/बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र/बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्र/बोलपत्र दातालाई सिलबन्दी दरभाउपत्र/बोलपत्र दर (रेट) भर्नु अघि सम्बन्धित निर्माणस्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिईन्छ। उल्लेखित दररेट निर्माणस्थलको यथार्थ वस्तुस्थिति बुझि भरेको मानिने छ।

५. सिलबन्दी दरभाउपत्र/बोलपत्र को प्रत्येक आइटमको भ्याट वाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन र बोलपत्रको मान्य अवधि ९० दिन हुनेछ।

७. सिलबन्दी दरभाउपत्र/बोलपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम बुलिङटार गाउपालिकाको कार्यालय, नवलपरासीको रा.वा.बैंक कावासोती शाखामा रहेको धरौटी खाता ३२००३०३००७१०४ ग-३, बैंक कोड नं. ३२० मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन र बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ९० दिन म्याद भएको वाणिज्य वैंकवाट जारी भएको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ।

८. सिलबन्दी दरभाउपत्र/बोलपत्र पेश गर्दा खाम वाहिर सिलबन्दी दरभाउ/बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रमसंख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ।

९. सिलबन्दी दरभाउपत्र/बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र/बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी सिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुनेछ।

१३. सिलबन्दी दरभाउपत्र/बोलपत्र सम्बन्धि अन्य जानकरी चाहिएमा यस कार्यालय (फोन नं. ९८५७०७०१०७, ९८४५६५४९११, ९८५५०४८८६२) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**तपशील**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | आयोजनाको नाम | लागत अनुमान रु.(भ्याट बाहेक) | जमानत रकम (रु.) | दरभाउ पत्र र बोलपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | 04/BRM/NAW /075-076 | HDPE पाइप खरीद | बिभिन्न खानेपानि आयोजना | ८०९८२७४।६८ | २३००००।०० | ३०००।०० (बोलपत्र) |
| २. | 05/BRM/NAW /075-076 | Fitting खरिद | बुलिङटार खानेपानि आयोजना | ४५१५७६४।४८ | १३००००।०० | ३०००।०० (बोलपत्र) |
| ३. | 06/BRM/NAW /075-076 | Fitting खरिद | भारतिपुर खानेपानि आयोजना | ३६३३४०४।३१ | १०५०००।०० | ३०००।०० (बोलपत्र) |
| ४. | 07/BRM/NAW /075-076 | Fitting खरिद | लपाक, अत्रौलि, हडाह, बिशालटार, जौबारी, घरेलुडाडाँ खानेपानि आयोजना | २९४८७५०।६५ | ८५०००।०० | ३०००।०० (बोलपत्र) |
| ५. | 08/BRM/NAW /075-076 | खानेपानि संरचना निंमाण | बुलिङटार खानेपानि आयोजना | ४९६६३९०।२४ | १४५०००।०० | ३०००।०० (बोलपत्र) |
| ६. | 09/BRM/NAW /075-076 | खानेपानि संरचना निंमाण | हडाह खानेपानि आयोजना | १५७५४८९।९७ | ४६०००।०० | १०००। (दरभाउपत्र) |
| ७. | 10/BRM/NAW /075-076 | खानेपानि संरचना निंमाण | बिशालटार खानेपानि आयोजना | ४६८६०६।४१ | १५०००।०० | १०००।०० (दरभाउपत्र) |
| ८. | 11/BRM/NAW /075-076 | खानेपानि संरचना निंमाण | जौबारी खानेपानि आयोजना | २५४८२७३।६२ | ७५०००।०० | ३०००।०० (बोलपत्र) |
| ९. | 12/BRM/NAW /075-076 | खानेपानि संरचना निंमाण | घरेलुडाडाँ खानेपानि आयोजना | २०७९६९३।८९ | ६००००।०० | ३०००।०० (बोलपत्र) |
| १०. | 13/BRM/NAW /075-076 | खानेपानि संरचना निंमाण | भारतिपुर खानेपानि आयोजना | ४६८६८५०।७५ | १३५०००।०० | ३०००।०० (बोलपत्र) |

**प्रमुख प्रशासकीय अधिकृत**